**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०३ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

१. भारत र थाइल्याण्डबीच सूचना प्रोधौगिकी , सामुद्रिक, एमएसएमई, हस्तकला र लगायत विभिन्न क्षेत्रमा सहयोगका लागि आज छ वटा सम्झौतामा हस्ताक्षर भएको छ।

२. राज्यसभामा वक्फ संशोधन विधेयक, २०२५ माथी विचार र पारितका लागि पेश गरिएको छ। बिधेयक माथी चर्चा जारी रहेको छ ।

३. सर्वोच्च न्यायालयले पश्चिम बंगालका लगभग २५ हजार शिक्षक एवं अशिक्षण कर्मचारीहरूको नियुक्तिलाई रद्द गर्ने कलकत्ता उच्च न्यायालयको फसेलामाथि मोहर लगाएको छ।

४. नयाँ दिल्लीको नर्थ ब्लकमा आज गोर्खा जातिको प्रमुख मुद्दा लगायत तराई डुवर्स क्षेत्रको दिर्घकालिन समस्याहरुको स्थायी राजनैतिक समाधान सम्बन्धी वार्ता सम्पन्न भएको छ।

५. मिरिक महकुमाको मिरिक उच्चत्तर माध्यमिक विद्यालयमा स्मार्ट क्लास शुरु भएको छ

**<u>प्रधानमंत्री नरेंद्र मोदी-थाइल्याण्ड -भ्रमण</u>**

भारत र थाइल्याण्डबीच सूचना प्रधौगिकी , सामुद्रिक, एमएसएमई, हस्तकला र लगायत विभिन्न क्षेत्रमा सहयोगका लागि आज छ वटा सम्झौतामा हस्ताक्षर भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदी र थाइल्याण्डका प्रधानमन्त्री पेटोङ्टार्न सिनावात्राबीच आज अपराह्न बैंककमा भएको द्विपक्षीय वार्तापछि उक्त सम्झौता भएको हो। दुवै पक्षले द्विपक्षीय सम्बन्धका सम्पूर्ण आयामहरूको प्रगतिको समीक्षा गरे र भारत-थाइल्याण्ड द्विपक्षीय साझेदारीमा अझ बढी गति थप्ने तरिकाहरूमा छलफल गरे र क्षेत्रीय र बहुपक्षीय मुद्दाहरूमा विचार आदानप्रदान गरे । प्रधानमन्त्री श्री मोदीलाई गार्ड अफ अनर प्रदान गरियो । द्विपक्षीय वार्तापछि जारी संयुक्त वक्तव्यमा प्रधानमन्त्री श्री मोदीले भारत–थाइल्याण्ड सम्बन्धलाई रणनीतिक साझेदारीमा वृद्धि गर्ने निर्णयको घोषणा गर्नुभएको छ। उहाले भारतको 'एक्ट इस्ट' नीति र इन्डो–प्यासिफिक दृष्टिकोण मा थाइल्याण्डको विशेष स्थान रहेको बताउनु भयो ।

**<u>राज्यसभा - वक्फ संशोधन विधेयक, 2025</u>**

राज्यसभामा वक्फ संशोधन विधेयक, २०२५ माथी विचार र पारितका लागि पेश गरिएको छ। बिधेयक माथी चर्चा जारी रहेको छ । विधेयकको उद्देश्य वक्फ सम्पत्तिको प्रबन्धनलाई व्यवस्थित गर्नुका साथै सम्पदा स्थलहरूको संरक्षण र सामाजिक कल्याणलाई बढावा दिनु रहेको छ। यस कानूनले सम्पत्ति प्रबन्धनमा पारदर्शिता बढाएर, वक्फ बोर्ड र स्थानीय अधिकारीहरूबीच समन्वयलाई व्यवस्थित गर्दै र सरोकारीहरूको अधिकारको संरक्षण गरेर शासनमा सुधार गर्ने लक्ष्य राखेको छ। यो विधेयकले मुस्लिम महिला, विशेष गरी विधवा र सम्बन्ध विच्छेद भएका महिलाहरुको आर्थिक र सामाजिक स्थितिमा सुधार ल्याउनेछ। विधेयकको उद्देश्य वक्फ बोर्डलाई अझ समावेशी बनाउनु हो, जसमा वक्फ शासन र निर्णय लिने क्षमताका लागि विभिन्न मुस्लिम सम्प्रदायको प्रतिनिधित्व हुनेछ।

**<u>नया दिल्ली वार्ता -सांसद राजु बिस्ट</u>**

नयाँ दिल्लीको नर्थ ब्लकमा आज गोर्खा जातिको प्रमुख मुद्दा लगायत तराई डुवर्स क्षेत्रको दिर्घकालिन समस्याहरुको स्थायी राजनैतिक समाधान सम्बन्धी वार्ता सम्पन्न भएको छ।

बाईट

केन्द्र सरकारको तर्फबाट गृह राज्य मन्त्री नित्यानन्द रायले वार्ताको अध्यक्षता गर्नुभएको थियो भने गृह सचिव, जनजाति मामिला सचिव ,आरजीआईका प्रमुख लगायत अन्य उपस्थित थिए l वार्ता १ घण्टा १५ मिनेटसम्म चलेको थियो । तर, उक्त वार्तामा राज्य सरकारले कुनै प्रतिनिधि पठाएन। वार्ता पछि पत्रकारहरुलाई सम्बोधन गर्नुहुदै दार्जीलिंगका लोकसभा संसद एव भाजपाका राष्ट्रिय प्रवक्ता राजु बिस्टले आज को वार्ता अहिले सम्म बसिएको वार्ताहरु मध्ये सबैभन्दा सकारात्मक र प्रभावशाली भएको दाबी गर्नु भएको छ l उहाले वार्तालाई दार्जीलिंग पहाड तराई, डुवर्स क्षेत्रका जनताको दिर्घकालिन मागले संबिधानको आधारमा न्याय पाउनु पर्ने ,गोर्खा जातिका छुटेका जात गोष्ठीलाई जनजातिको मान्यता दिने बिषय माथी चर्चा परिचर्चा भएको बताउनु भएको छ l उहाँले अझ भन्नुभयो -गृह मन्त्रालयले वार्तामा धेरै बिकल्प राखेको थियो तर दार्जीलिंग पहाड , तराई डुवर्सका जनताको आकांक्षा बिपरित कुनै कुरामा सम्झौता गरिने छैन l संसद राजु बिस्टले आगामी वार्ता चाडै हुने र उक्त वार्तामा गृह मंत्री अमित शाह स्वयं उपस्थित हुने तथा सोहि वार्ता मार्फत चुडान्त निर्णय लिन सकिने कुरामा आफु बिश्वस्त रहेको बताउनु भएको छ l सभामा भाजपाका गठबन्धन दलका नेतृत्वहरु उपस्थित थिए l

**पश्चिम बङ्गाल -सर्वोच्च न्यायालय- नियुक्ति रद्द**

सर्वोच्च न्यायालयले पश्चिम बंगालका लगभग २५ हजार शिक्षक एवं अशिक्षण कर्मचारीहरूको नियुक्तिलाई रद्द गर्ने कलकत्ता उच्च न्यायालयको फसेलामाथि मोहर लगाइदिएको छ । मुख्य न्यायाधिश सञ्जीव खन्नाको अध्यक्षतामा गठित पीठले भनेको छ - यी नियुक्तिहरू नक्कली रूपमा गरियो। सर्वोच्च न्यायालयले आफ्नो फसेलामा भनेको छ - नियुक्ति पाएका उम्मेद्वारहरूले वेतन फर्काउने आवश्यकता छैन। नयाँ नियुक्ति प्रक्रियामा ती उम्मेद्वारहरूले छुट पाउनसक्छन् जो दागी छैनन्। न्यायालयले गत 10 फरवरीको फसेलालाई सुरक्षित राखेको थियो। तत्कालीन मुख्य न्यायाधिश डीवाई चन्द्रचुड़को अध्यक्षतामा रहेको पीठले पश्चिम बंगाल सरकारलाई हप्काउँदै भनेको थियो, यो भर्ती प्रक्रिया एक सुनियोजित षड़यन्त्र हो। न्यायालयले भनेको थियो, २५ हजार शिक्षक एवं अशिक्षण कर्मचारीहरूको नियुक्तिसित सम्बन्धित डिजीटल रेकर्डलाई राख्ने काम अधिकारीहरूको हो। पश्चिम बंगाल सरकारले याचिकामा कलकत्ता उच्च न्यायालयको फसेलामाथि रोक लगाउने माग गरेको थियो। याचिकामा भनिएको थियो, उच्च न्यायालयको यस फसेलाको परिणामस्वरूप राज्यका स्कूलहरूमा पढ़ाई ठप्प हुनेछ।

**पश्चिम बंगाल – नियुक्ति माकपा -अपील**

मार्क्सवादी कम्युनिष्ट पार्टीले पश्चिम बङ्गाल सरकारलाई शिक्षा प्रणालीमा असर नपरोस् भन्दै रिक्त पदहरू यथाशीघ्र भर्ने अपिल गरेको छ।
सर्वोच्च न्यायालयले बर्ष २०१६ मा पश्चिम बंगाल स्कूल सेवा आयोगले गरेका नियुक्तिहरूलाई 'भ्रष्ट' र 'गम्भीर अनियमितताले भरिएको' भन्दै आज खारेज गरिदिएको छ। राज्यको शिक्षा प्रणालीमा असर पर्ने अनुमान गरिएको यो निर्णयपछि ठूलो संख्यामा शिक्षक र गैरशिक्षण कर्मचारीहरु ले आफ्नो नोकरी गुमाएका छन् ।
माकपाका राज्य सचिव मोहम्मद सलिमले यति ठूलो संख्यामा शिक्षकहरूले रोजगारी गुमाउनुले राज्यभरिका विद्यालयहरूको शिक्षा व्यवस्था प्रभावित हुने बताउनु भएको छ l उहाँले विद्यार्थीहरुको पढाइमा बाधा नपुगोस् भनेर रिक्त पद भर्ने प्रक्रिया छिटो अघि बढाउन राज्य सरकारलाई आग्रह गर्नुभएको छ । मुख्य न्यायाधीश सञ्जीव खन्ना र सर्वोच्च न्यायालयका न्यायाधीश सञ्जय कुमारको पीठले कलकत्ता उच्च न्यायालयको २२ अप्रेल २०२४ को निर्णयलाई यथावत राख्दै यी नियुक्तिहरू रद्द गर्ने र राज्य सरकारलाई तीन महिनाभित्र नयाँ भर्ती प्रक्रिया पूरा गर्न निर्देश दिएको थियो। माकपा नेता मोहम्मद सलिमले ममता बनर्जी सरकारको अवैध भर्ती प्रक्रियाले राज्यको शिक्षा प्रणालीको बदनाम गरेको आरोप लगाउनु भएको छ ।
उहाँले २६ हजारभन्दा अधिक शिक्षक र गैरशिक्षक कर्मचारीहरुले रोजगार गुमाएको ले लगभग एक लाख मानिस प्रभावित भएको दाबी गर्नुभएको छ।

**मिरिक -डिजिटल क्लास**

मिरिक महकुमाको मिरिक उच्चत्तर माध्यमिक विद्यालयमा स्मार्ट क्लास शुरु भएको छ।आज एक समारोहबीच स्मार्ट क्लासको उद्घाटन गरिएको छ। दिल्लीस्थित वदाम कम्पनीको कर्पोरेट सोसियल रेसपोन्ससिबिलिटी(सीएसआर)को टीच

मी स्कीम अन्तर्गत विद्यालयमा स्मार्ट टीभी र बोर्ड जडान गरिएको छायस् उद्धाटन समारोहमा विद्यालय सञ्चालन समितिका अध्यक्ष एवम् जीटीए मिरिक थर्बु डुप्टिन समष्टिका सभासद मिलेस राई, विध्यालय सञ्चालक समितिका सचिव राजबहादुर राई, विद्यालयका शिक्षक प्रभारी सुवास खाती, शिक्षक शिक्षिका ,विध्यार्थीहरू आदि उपस्थित थिए।

**कोलकाता -बिमल गुरुङ**

कलकत्ता उच्च न्यायालयले गोर्खालीग अध्यक्ष मदन तामाङको हत्याको मुद्दामा गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष विमल गुरुङलाई पनि सामेल गर्ने आदेश दिएको छ।

**Byte प्रस्तुत छ बिशेष रिपोर्ट -**

कलकत्ता उच्च न्यायालयका न्यायाधीश शुभेन्दु सामन्तले यस हत्यामा सीबीआई-ले जाँच गरिरहेको मुद्दामा गुरुङलाई पनि सामेल गर्ने आदेश दिएका छन्। उच्च न्यायालयले विमल गुरुङविरुद्ध पनि आरोपपत्र दर्ता गरेर कानूनी कार्वाही शुरू गर्ने आदेश दिएको छ। उच्च न्यायालयले २०१७ को सेशन न्यायालयको आदेशलाई पनि रद्द गरेको छ। कलकत्ता उच्च न्यायालयले मदन तामाङकी पत्नी श्रीमती भारती तामाङले सीबीआई-समक्ष गरेको निवेदनलाई स्वीकार गरेको छ। यस फसेलालाई चुनौती दिँदै विमल गुरुङले सर्वोच्च न्यायालयमा प्रतिवाद मुद्दा दर्ता गरेका थिए। हिज मुद्दाको सुनवाई गर्दै सर्वोच्च न्यायालयका न्यायाधीश बेला एम त्रिवेदी र पीबी भरालको खण्डपीठले कलकत्ता उच्च न्यायालयको फसेलामा हस्तक्षेप नगर्ने बताएको छ।

**मानिक लामा, आकाशवाणी खर्सांग**

**सिलीगुड़ी -एसयूसीआई - विरोध प्रदर्शन**

सोसलिस्ट युनिटी सेन्टर अफ इन्डिया (एसयूसीआई) ले आज सिलगडीमा अभयका दोषीहरुलाई सजाय दिने र जीवनरक्षक दबाईहरुको मूल्य वृद्धि लगायत अन्य मागमा विरोध प्रदर्शन गरेको छ। सिलिगुडीको महात्मा गान्धी चोकदेखि हाशमी चोकसम्म रैली निकालिएको थियो। एसयूसीआईका समर्थकहरुले सडक अवरुद्ध गरे र प्रदर्शनमा सामेल भए। सडक अवरुद्ध हुँदा शहरभरि ट्राफिक जाम भएको थियो। त्यसपछि पुलिस घटनास्थलमा पुगे पछि सबै प्रदर्शनकारीलाई बलपूर्वक हिरासतमा लिएर सडक खाली गरिदिएको थियो ।यसै क्रममा भोलि अनि पर्सि टी एम सी पार्टीले जीवनरक्षक दबाईहरुको मूल्य वृद्धिको बिरुद्ध राज्यका प्रत्येक खण्ड अनि वार्डहरुमा बिरोध प्रदर्शन गर्नेछ l

**रामनवमी राज्यपाल -राज्य सरकार -सलाह**

राज्यपाल डॉ. सीवी आनंद बोसले रामनवमी शांतिपूर्ण रूपमा आयोजना गर्न राज्य सरकालाई कठोर सल्लाह दिनुभएको छ l उहाँले प्रशासनलाई पूर्व सावधानीका सबै उपायहरु अपनाउन, पर्याप्त सुरक्षा बल परिचालन गर्न र कुनै पनि अप्रिय घटना हुन नदिन तयारी अवस्थामा रहन निर्देश दिनुभएको छ । राजभवन सुत्र अनुसार राज्यपालले राज्यको कुनै पनि भागमा शान्ति शृंखला कायम राख्न सरकारलाई निर्देशन दिनुभएको छ । उहाँले कुनै पनि आपतकालीन अवस्थाको बारेमा तत्काल राजभवनलाई जानकारी गराउन पनि निर्देश दिनुभएको छ ताकि आवश्यक कदम चाल्न सकियोस् । रामनवमीको अवसरमा शान्ति र सद्भाव कायम गर्न समाजका सबै वर्गलाई राज्यपालले अपील गर्नुभएको छ lआगामी 6 अप्रैलको दिन राज्यभरी राम नवमी रैली निकालिनेछ । मुख्यमन्त्री ममता व्यानर्जीले यस अवधिमा हिंसा हुन सक्ने आशङ्का व्यक्त गर्दै प्रशासनलाई सतर्क रहन आग्रह गर्नुभएको छ ।

**पश्चिम बंगाल -राज्य सरकार - ग्रीष्मकालीन अवकाश**

पश्चिम बङ्गालमा बढ्दो गरम र आर्द्रतालाई ध्यानमा राख्दै राज्य सरकारले ३० अप्रेल देखि सरकारी विद्यालयहरूमा ग्रीष्मकालीन बिदा घोषणा गर्ने निर्णय गरेको छ। मुख्यमन्त्री ममता बनर्जीले आज यस आशयको जानकारी दिनुभएको हो